नेपाल सरकार
**शिक्षा मन्त्रालय**
**विद्‌यालय शिक्षक किताबखाना**
म्यूजियम मार्ग, छाउनी, काठमाडौं ।

फोन नं.:- ४२८३०२३
४६७०७५७
४६७२८२३
फ्याक्सः- ४२८४९००

प.सं. अभिलेख/०७३।७४
च.नं. ५४२६

मितिः- २०७४।०३।२२

**विषय :- अनिवार्य अवकास हुनेको नामावली पठाएको ।**

**श्री जिल्ला शिक्षा कार्यालय,**
**७५ ओटै ।**

शिक्षा नियमावली २०५९, (संशोधन सहित) नियम १२६ उपनियम (घ) वमोजिम त्यस जिल्ला अन्तर्गत सामुदायिक विद्यालयहरुमा कार्यरत मिति २०७४/०४/०१ देखि २०७४ पुस मसान्तसम्म अनिवार्य अवकास हुने शिक्षकहरुको यस किताबखानामा रहेको अभिलेख तथा सूचना प्रणालीबाट तयार गरिएको नामावली यसै साथ सम्लग्न राखी पठाईएको छ । कतिपय शिक्षकले एक भन्दा वढी पटक वैयक्तिक विवरण (सिटरोल) भरी एउटै शिक्षकको एक भन्दा वढी संकेत नम्वर कायम भएको अवस्था समेत रहेकाले शिक्षकहरुले राजिनामा, अवकास, मृत्यू तथा वेपत्ता भई निवृत्त सुविधा प्राप्त गरी सकेकाको समेत अभिलेखमा विवरण रहि रहन सक्ने भएकाले त्यस कार्यालयमा भएको अभिलेखसँग भिडाई देहायका बुँदाहरुमा ध्यान दिई शिक्षा नियमावली, २०५९ (संशोधन सहित) नियम १३१ (१) वमोजिम अनिवार्य अवकास गर्नुहुन निर्देशानुसार अनुरोध छ ।

**<u>तपशिल</u>**

१. नेपाली नागरिकता, शैक्षिक योग्यताको प्रमाणपत्र, बैयक्तिक तथा नोकरी विवरण (सिटरोल) मा लेखिएको जन्ममिति वा वर्षबाट हुन आएको उमेर मध्ये **जुन उमेरबाट निजको ६० बर्षउमेर पहिले पूरा हुन्छ** , सोही आधारमा अवकास दिने । शैक्षिक योग्यताको प्रमाणपत्रको साथमा प्रवेशीका परिक्षा उर्त्तिण मुल वा प्रोभिजनल प्रमाणपत्रको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्ने छ ।

२. नेपाली नागरिकताको प्रमाणपत्रको हकमा प्रतिलिपि लिई जन्ममिति फरक परेको भए अघिल्लो नागरिकतामा उल्लेखित जन्म मितिलाई नै आधार मान्ने । कुनै एक प्रमाणपत्रमा उल्लेखित उमेरमा वर्ष वा जन्म वर्ष र जारी मिति मात्र उल्लेख भएको र अरु कुनै प्रमाणपत्रमा पूरा जन्ममिति खुलेको रहेछ भने त्यस्तो प्रमाणपत्रमा उल्लेखित जन्ममितिको वीचमा **एकवर्ष सम्मको अन्तर देखिएमा प्रष्ट खुलेको प्रमाणपत्रको जन्ममितिलाई आधार मान्ने** । तर १ वर्ष भन्दा बढी फरक पर्ने भएमा अघिल्लो जन्ममितिलाई नै आधार मानी उमेरको गणना गरी अवकास दिने ।

३. कुनै प्रमाणपत्रमा जन्ममिति नखुली सालमात्र उल्लेख भएको भए सोही साल मानी महिनामा र गतेमा **बैशाख १ गते मानेर उमेरको गणना** गर्ने साथै सोही सालभित्र प्रष्ट खुलेको प्रमाणपत्रको जन्ममिति भए सोलाई आधार मान्ने ।

४. वैयक्तिक तथा नोकरी विवरण (सिटरोल) भरी सिटरोल नम्बर कायम भएको शिक्षकको हकमा त्यहाँ भएको प्रमाणित सिट्रोल, सुविधा सिफारिस गरिएको फायल साथ संलग्न गरी पठाउने र सिटरोल नम्बर कायम भएको शिक्षकको प्रमाणित सिटरोल नभए वा सिटरोल फाराम नभरेको भए **पुनः भराई प्रमाणित गरी अनिवार्य रुपमा** सिफारिस फाइलसँग पठाउने ।

५. अनिवार्य अवकासको विवरणमा नपरेको तर त्यहाँ रहेको अभिलेख तथा कागजातवाट **६० वर्ष उमेर** पूरा हुने देखिएको शिक्षकलाई शिक्षा नियमावलीले निर्दिष्ट गरेको अवधीभित्र अनिवार्य अवकास गर्ने ।

६. अवकास हुने शिक्षकको नामथर, विद्‌यालय, तह, श्रेणी, जन्ममिति, अवकासमिति आदि फरक परेको भएमा सम्वन्धित शिक्षकको निवेदन, विद्यालयको पत्र तथा ताहाँ रहेको अभिलेखको आधारमा एकिन गरी अवकास गर्ने ।

७. जिल्लान्तर वा आन्तरिक सरुवा भएको भए सोही स्थानमा अवकासको जानकारी वा सूचना पठाउने ।

८. शिक्षा नियमावली, २०५९ को नियम १३१ अनुसार कुनै शिक्षकको उमेर साठी वर्ष पूरा भएपछि निजलाई विद्यालयको सेवाबाट अवकास दिने ।

९. एक विद्यालयबाट अर्को विद्यालयमा सरुवा हुँदा लिएको तत्कालीन रमाना पत्रमा विदा उल्लेख नभएको विरामी विदाको रकम भुक्तानी नहुने साथै रमना पत्रको प्रतिलिपि समेत मान्य नहुने हुँदा विदा सिफारीस गर्दा यस कुरालाई ध्यान दिई सिफारिस गर्नु पर्ने छ ।

१०. विद्यालयले स्थायी नियुक्ति दिएको हकमा जिल्ला शिक्षा कार्यालयले स्थायी नियुक्तीका लागि सिफारिस गरी पठाएको पत्र र तत्कालिन जिल्ला शिक्षा समितिबाट नियुक्तिको लागि गरिएको निर्णय प्रतिलिपि प्रमाणित गरी पठाउने र सम्पूर्ण फोटोकपी कागजातहरुमा अनिवार्य रुपमा जि.शि.अ. बाट व्यहोरा प्रामाणित गरी पठाउनुपर्ने छ ।

**<u>बोधार्थ :-</u>**

**श्री शिक्षा मन्त्रालय,**
(उच्च शिक्षा तथा शैक्षिक व्यवस्थापन महाशाखा), सिंहदरबार ।